नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ५६ २०८२ साल असोज ७ गते मंगलबार (23 Sep 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विषम परिस्थितिमा गाउँपालिका... ३ पृष्ठमा : अख्तियारमा नापी र ... ३ पृष्ठमा :बङ्गलादेशमा डेङ्गुका कारण...

# कलशयात्रा र जमरा स्थापित गर्दै दशैंको सुरुवात

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

बडा दशैंको पहिलो दिन सप्तरीका विभिन्न शक्तिपिठहरुमा जमरा राखि सविधि पुजापाठ शुरु भएको छ ।

सो अवसरमा प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता, कंकालिनी, राजदेवी, भगवती, डाक्नेश्वरी लगायत जिल्ला भरिका शक्तिपिठहरुलाई श्रृगारिएको छ ।

यस्तै जिल्लाको विभिन्न स्थानमा दुर्गा भवानीको आकर्षक प्रतिमा निर्माण गरि सविधि पुजापाठ शुरु भएको हो ।

पुजाको पहिलो दिन सोमबार प्रत्येक शक्तिपिठका साथै घरघरमा जमरा राखि घटस्थापना र दुर्गा भवानीको पुजापाठ शुरु गरिएको छ ।

यस अवसरमा जिल्लाको विभिन्न शक्तिपिठहरुबाट कलशयात्रा समेत निकालिएको छ ।



कलशयात्रा सयौं महिला/पुरुष सहभागी भए । कसैले सप्तकोशी र त्रियुगा नदी तथा कसैले नजीकको जलाशयहरुबाट पवित्र जल भरेर पुजा स्थल सम्म लगेका थिए ।

कलश यात्राको क्रममा संकलन गरिएको पवित्र जल प्रतिमा सेलाउन दिन विसर्जन गर्ने धार्मिक परम्परा रहेको पण्डित रुपकान्त मिश्र बताउँछन् । नवदुर्गाका सबै रुपलाई घटस्थापनादेखि नवमी सम्म हरेक दिन विहान-बेलुका पुजापाठ गर्ने चलन रहि आएको छ ।

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण असोज मसान्तभित्र गर्नुपर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**

सरकारले सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि समयावधिसम्म बढाएको छ ।

यसअघि सामाजिक सुरक्षा परिचयपत्र भदौ मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी समयावधि बढाएर असोज मसान्त कायम गरिएको हो ।

सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ मार्फत् सरकारले यस्तो व्यवस्था ल्याएको हो । संशोधित नियमावली राजपत्रमा प्रकाशित भइसकेको छ ।

"सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका भदौ मसान्तभित्र भन्ने शब्दहरूको सट्टा असोज मसान्तभित्र भन्ने शब्दहरू राखिएका छन्", राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ ।

# बैंकिङ कारोबारका लागि आरटिजिएस प्रणाली खुला रहने

काठमाडौं, ६ असोज (रासस) ।

घटस्थापनाको दिन सार्वजनिक बिदा भए पनि विद्युतीय भुक्तानी कारोबारका लागि 'रियल टाइम ग्रस सेटलमेन्ट' (आरटिजिएस) प्रणाली सञ्चालन गरिएको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार सोमबार पनि आरटिजिएस प्रणाली सञ्चालनमा रहनेछ । "सोमबार घटस्थापनाको दिन सार्वजनिक बिदा रहेता पनि आरटिजिएस प्रणाली बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म सञ्चालन हुने भएको छ", राष्ट्र बैंकले सूचना जारी गर्दै भनेको छ ।

आरटिजिएस ठूलो मूल्यको भुक्तानीको लागि प्रयोग गरिने विद्युतीय भुक्तानी प्रणाली हो । यस प्रणालीबाट खासगरी ठूलो मूल्य र अति जरुरी भुक्तानीको कारोबार हुन्छ ।

# जनताको दवाबपछि राति अबेरसम्म सडक मर्मत



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीको रुपनी गाँउपालिकाले रातिको समयमा पनि बाटो मर्मत गर्न थालेको छ । केही दिन अघिसम्म निरन्तर परेको पानीले गाउँपालिकाका विभिन्न वडाका बाटोमा हिलो जम्ने समस्या देखिएपछि रातिको समयमा पनि बाटो मर्मतको काम थालिएको हो ।

दशैंको सुरुवात सँगै बाटो हिलाम्य भएपछि जनताको माग अनुसार पालिकाले ग्राभेल हाल्ने काम सुरु गरेको गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले जानकारी दिए ।

आईतबार राति अवेरसम्म वडा नं. ३ स्थित कटैयाको कृषि सडक अध्यक्ष यादवको उपस्थितीमा मर्मत गरिएको छ । केही ठाउँमा अझै काम अधुरा रहेकाले त्यसलाई पुरा गर्न आफु सक्रियताका साथ लागेको अध्यक्ष यादवले बताए ।

बाटोमा हिलैहिलो भएपछि सडकमा आवत जावत गर्न सर्वसाधारणलाई सममस्या हुँदै आएको थियो । त्यहाँका जनताले दवाव दिंदा सोमबार राति सडक मर्मत गरिएको नेपाली काँग्रेस रुपनी गाउँपालिकाका सचिव ज्ञानेन्द्र ईसरले बताए ।

उनले रातिको समयमा पनि गाउँपालिकाका अध्यक्ष आफै उपस्थित भई काम अगाडि बढाएको देखेर स्थानीयवासीले पनि खुसी व्यक्त गरेको प्रतिक्रिया दिएका छन् । पालिकाले सडक बनाइ दिएपछि स्थानीय राजनीतिक कार्यकर्ता र सर्वसाधारण जनताले अध्यक्ष यादवप्रति धन्यवाद समेत दिए ।

# चार मन्त्रीको लिए शपथ

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ असोज ।**

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपाल सरकारका नवनियुक्त चार मन्त्रीहरूले सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन् ।

राष्ट्रपति पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरू अनिलकुमार सिन्हा, महाविर पुन, डा मदनप्रसाद परियार र जगदीश खरेललाई शपथ गराएका हुन् ।

नवनियुक्त मन्त्री सिन्हाले उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन न्याय तथा संसदीय मामिला र भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, मन्त्री पुनले शिक्षा, विज्ञान तथा प्रविधि, मन्त्री परियारले कृषि तथा पशुपन्छी र मन्त्री खरेलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

शपथ समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित थिए । साथै समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित थियो ।

राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीको सिफारिसमा उहाँहरूलाई आइतबार नियुक्त गर्नुभएको हो । कानुन व्यवसायी पृष्ठभूमि रहेका मन्त्री सिन्हा सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन् । त्यस्तै दुर्गम क्षेत्रमा ताररहित

*बाँकी अन्तिम पृष्ठमा*

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### चाडपर्वमा बढ्दो कालोबजारी, नियन्त्रण गर्ने निकाय मौन

चाड पर्वको बेला अहिले कालोबजारी बढेको छ । सरकारले मुलकभर उपभोक्तालाई ध्यानमा राख्दै सहुलियत दरका पसलहरु संचालन गरिरहेता पनि त्यस्ता बजार भने सप्तरीमा कतै भेटिन्न् । हिन्दुहरुको महान चाड वडा दशैंको आगमनसँगै बजारमा कृतिम मुल्य बृद्धि भएको छ । विभिन्न खाद्यान्नदेखी तरकारीमा समेत मुल्य बृद्धि भएको छ । हरेक वर्ष चाड पर्वको बेला आफूखुशी व्यापारीहरुले मुल्य बृद्धि गरेर उपभोक्तालाई मारमा पार्ने गरेका छन् ।

यता सरकारी स्तरबाट चाड पर्वमा सहुलियत दरका पसल खोलेर जनतालाई देखाउने काम मात्र गरेको छ । अनियन्त्रित बजार मुल्यका कारण अहिले देशभरैका उपभोक्ता मारमा परेका छन् । सरकारी निकायले यसप्रति चासो समेत देखाएको छैन् । अनुगमन कार्य चाड पर्वमा नभएपछी अहिले जनताले सास्ती व्यहोर्नु परिरहेका छन् ।

तसर्थ जनतालाई राहत दिने विषयमा सम्बन्धित निकायसँगै स्थानीय पालिका समेतले ध्यान दिनु आवश्यक छ । यसका लागि सम्बन्धित निकायले अनुगमन, मुल्य नियन्त्रण र कालो बजारीलाई कारवाहीका लागि दिर्घकालिन नीति बनाउनु अति आवश्यक छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# विषम परिस्थितिमा गाउँपालिका र नगरपालिकाको सञ्चालन विधि

**कृष्णहरि बास्कोटा**
काठमाडौं, ६ असोज (रासस) ।

गत भदौ २३ र २४ गते मूलतः भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा 'जेन जी' पुस्ताले आह्वान गरेको आन्दोलनपछि मुलुकको राजनीतिमा ठूलो फेरबदल भएको छ । यस आन्दोलनमा केही स्थानीय तहमा पनि क्षति पुगेको छ । यस स्थितिमा ७५३ वटा स्थानीय तहमा उदाएका सिंहदरबाररुपी स्थानीय सरकारले तत्कालका लागि के कसरी काम गर्न सक्दछन् भन्ने केही खाकाका बारेमा यहाँ चर्चा गर्न खोजिएको छ ।

शीघ्र पालिकाको नियमित सञ्चालनः सबै नगरपालिका र गाउँपालिकाका केन्द्रहरू साविकमा झैं निरन्तर सञ्चालनमा रहनुपर्छ । हालको असहज परिस्थितिमा केही दिनका लागि निश्चित समयमा मात्रै पालिकाको केन्द्र र वडा कार्यालयहरू खोल्ने प्रबन्ध गर्न सकिन्छ । यसरी पालिका सञ्चालन गर्दा वरिपरि रहेका चियापसल, फोटोकपी पसललगायतको सहयोग लिनुपर्छ । कैयौं पालिका र वडा कार्यालयको भवन तोडफोड भएको छ । यस अवस्थामा सम्भव भएसम्म स्थानीय कच्चापदार्थको सङ्कलन गरी पाल वा अस्थायी टहरा निर्माण गरी सेवा सञ्चालन गर्नुपर्छ ।

हाल केही पालिकाका प्रमुख वा अध्यक्ष तथा वडाध्यक्षहरूकै घरबाट सेवा सञ्चालन भइरहेको बुझिएको छ । यस अवस्थामा स्कुल, स्वास्थ्यचौकी वा सामुदायिक भवनबाट पनि सेवा प्रवाह गर्न सकिन्छ । मूल कुरो, पालिका र वडा कार्यालयहरूलाई गुलजार बनाउन दैनिक कुनै एउटा विषयमा नागरिक भेला वा पालिकाको बैठक बोलाउनु उपयुक्त हुनेछ । यसले पालिका र वडाप्रति सरोकारवाला जनताको अपनत्व वृद्धि गर्दछ ।

सुरक्षामा ध्यान दिनेः हालको परिस्थितिमा केही पालिकाहरू सेवा प्रवाह गर्न 'पर्ख र हेर' को अवस्थामा रहेको बुझिन्छ । यस स्थितिमा सुरक्षा चुनौतीमा सतर्कता अपनाउँदै आम जनताले पाउने सेवा प्रवाहबाटै जनसमर्थन बटुल्न सक्रिय हुनुपर्छ । यस क्रममा प्रहरीचौकीलाई पालिकाहरूले तत्कालै आवश्यक सहयोग गर्नुपर्छ । प्रहरीको मनोबल पनि उच्च गर्नुपर्छ । नेपाल प्रहरी र पालिकाका नगर प्रहरीबीच समन्वय गरी समुचितरूपमा परिचालन गर्नुपर्छ । साथै, पालिकाका निर्वाचित पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरूले प्रमुख जिल्ला अधिकारी (सिडियो) र जिल्ला प्रहरी प्रमुखसँग नियमित सम्पर्कमा रहनुपर्छ । सम्भव भएमा उहाँहरूलाई पालिका निरीक्षणका लागि आमन्त्रण गर्नुपर्छ ।

पालिकामा काम गर्ने जनप्रतिनिधि, कर्मचारी र पालिकामा सेवा लिन आउने सेवाग्राही सबैले सुरक्षाको अनुभूति गर्नुपर्छ । यसका लागि पालिकाको केन्द्र र वडाको केन्द्र नजिकको टोल विकास संस्थाहरूलाई परिचालन गर्नुपर्छ । नेटवर्कमा रहनुपर्छ । आवश्यकतानुसार युवाहरूको स्वयंसेवक सञ्जाल गठन गर्न सकिन्छ । यस अतिरिक्त, पालिकाभित्रका भूपू प्रहरी र सेनालाई आगामी केही महिनाका लागि म्यादी प्रहरीमा नियुक्ति गर्न पनि सकिन्छ । यिनले फागुन २१ गते हुने निर्वाचनमा सघाउन पनि सक्छन् । पालिकाभित्रको मुख्यमुख्य स्थानमा सिसी क्यामरा जडान गर्नुपर्छ । यसरी निर्वाचित जनप्रतिनिधि र कर्मचारीले आफ्नो सुरक्षाका साथै पालिकावासीमा सुरक्षाको प्रत्याभूति दिनुपर्छ ।

सामूहिक रूपमा काम गर्नेः एकता नै बल हो । यही मान्यताका आधारमा केही दिनका लागि तोकिएको समयमा निर्वाचित प्रतिनिनिधि र कर्मचारीसँगै बसेर काम गर्दा पालिका र वडाहरूको सेवा प्रवाहलाई लयमा आउन मद्दत पुग्छ । वडामा पनि वडाध्यक्ष, सदस्यहरू, वडा सचिव र कर्मचारी साथमै रहनु बेस हुन्छ । यस्मा कृषि र पशुका फिल्डमा खटिने प्राविधिक कर्मचारी पनि साथमै रहनु उचित हुनेछ । फिल्डमा खटिँदा समूह बनाएर जाँदा राम्रो हुन्छ । सबै पालिकाले सर्वपक्षीय बैठकको आह्वान गर्नुपर्छ । पालिकाभित्रका बुद्धिजीवी, समाजसेवी, आमा समूह, नागरिक समाजका अगुवा, ज्येष्ठ नागरिक लगायतसँग निरन्तर छलफल गरी पालिका र वडाको कामलाई निरन्तरता दिनु समयको माग हो ।

स्कुल सञ्चालन गर्नेः पालिकाहरूले पहिलो प्राथमिकतामा राखेर विद्यार्थीको पठनपाठनलाई सञ्चालन गर्नुपर्छ । हुनतः घटस्थापनापछि स्कुलहरू दसैं छुट्टीमा जाने हुँदा दसैंपछिको योजना निर्माण गरे पनि हुन्छ । पालिकाभित्रका स्कुलहरू सञ्चालन गर्दा केही दिन भूपूशिक्षक र अभिभावकलाई पनि स्कुलमा आमन्त्रण गर्न सकिन्छ । साथै, सोही स्कुलमा पठनपाठन गरेका पूर्वविद्यार्थीलाई पनि छलफलमा डाक्न सकिन्छ । स्कुलको सञ्चालक समितिका सदस्यहरू दैनिक स्कुल गई पठनपाठनलाई उत्प्रेरित गर्नुपर्छ । स्कुल सञ्चालनले पनि पालिकालाई जीवन्त तुल्याउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सघाउँछ ।

स्वास्थ्य चौकी सञ्चालन गर्नेः पालिकाभित्रका स्वास्थ्य चौकीहरू सञ्चालनमा आएको प्रचारप्रसार गरी बिरामीहरूलाई फोन गरेरै स्वास्थ्यचौकी र अस्पतालको सेवाका लागि आमन्त्रण गर्नुपर्छ । पालिकाका वडाध्यक्ष, स्वास्थ्य शाखाका कर्मचारी र सबै स्वास्थ्यकर्मी एकसाथै स्वास्थ्य चौकीमा उपस्थित भई जनताको सेवा गर्नुपर्छ । यसै समयमा पुराना बिरामीलाई पनि 'फलोअप'का लागि फोन गरेर बोलाउनुपर्छ । यी सबै प्रकारका सक्रियताले पालिकामा चहलपहल बढ्छ र पालिकाको साख पनि उच्च हुन्छ ।

कर्मचारीको बिदाः यसपटक फूलपातीअघि कुनै पनि कर्मचारीलाई बिदामा छोड्नु हुँदैन । साथै, निर्वाचित जनप्रतिनिधिहरूले पनि पालिका छोड्नु हुँदैन । बेलाबखत निर्वाचित पदाधिकारी र कर्मचारीको घर वा आवासमा भेला भई जनताको हितका विषयमा छलफल गर्न सकिन्छ । यसअनुसार तत्काल गर्न सकिने काम तुरुन्त गरी बाँकी कामलाई जनसहभगिताका आधारमा अघि बढाउनुपर्छ ।

अनावश्यक सुविधा नलिनेः प्रचलित कानुनबमोजिम तोकिएको सुविधाबाहेक आफ्नो तजबिजी अधिकार प्रयोग गरी निर्वाचित पदाधिकारी र कर्मचारीहरूले कुनै पनि सुविधा लिनु हुँदैन । व्यक्तिगत कामका लागि पालिका छोडेर जाने र काज भत्ता लिने खाने गर्नु हुँदैन । निर्वाचित जनप्रतिनिहरू नै आर्थिक अनुशासनमा 'रोल-मोडेल' हुनुपर्छ र कर्मचारीलाई प्रेरित गर्नुपर्दछ ।

प्रविधिको प्रयोग गर्नेः हाल पालिकाहरूले सञ्चालनमा ल्याएका सूत्रलगायतको सफ्टवेयर सञ्चालन गर्नुपर्छ । पालिकाका समग्र सूचना एकभन्दा धेरै कम्प्युटरमा राख्नुपर्दछ । सूचना प्रविधि सञ्चालन हुन नसकेमा तत्कालका लागि उपयुक्त वैकल्पिक व्यवस्था गर्नुपर्छ । पालिकाले निश्चित उद्देश्यका लागि अस्थायी सिफारिस जारी गरी समयावधि किटानी गर्न सकिन्छ । यसरी कम्प्युटरमा 'डाटा इन्ट्री' नगरी हालका लागि 'म्यानुयल' सेवा प्रवाह गरी 'पोष्ट डाटा इन्ट्री' गर्न सकिन्छ । मूलकुरो, सेवाका लागि आग्रह गर्ने जनतालाई तत्कालै सम्बोधन गर्नुपर्छ । यसअनुसार सके सेवा दिने र नसके उचित सूचना दिने प्रबन्ध गर्नुपर्छ ।

पर्वहरूमा कार्यक्रम सञ्चालन गर्नेः नेपालीको महान् पर्व दसैं, तिहार, छठलगायतका पर्वहरू आँगनमै आइसकेका छन् । यस अवस्थामा पालिकाले पिङ राख्ने, सरसफाइ गर्ने, मठमन्दिरमा रङरोगन गर्ने, पोखरी बनाउने, विभिन्न पर्वको शुभकामना तुल वा फ्लेक्स टाँग्ने कार्य गर्नुपर्छ । साथै, आपूर्ति व्यवस्थामा सघाउने, बजार अनुगमन र उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गर्ने तथा सुपथ मूल्यका पसल खोल्न पहल गर्नुपर्छ । यस अतिरिक्त, चाडपर्वभरि स्वास्थ्य सेवा दिन स्वास्थ्य चौकी खोल्ने प्रबन्ध पनि मिलाउनुपर्छ ।

जिससको भूमिका खोजी गर्नेः हरेक जिल्लाभित्रका पालिकाहरूको सञ्जालका रूपमा रहेको जिल्ला संयोजन समितिमा तत्काल र नियमित रूपमा बैठक बस्नुपर्छ । यसबाट असल अभ्यासको आदानप्रदान हुन्छ । पालिकामा भइरहेका रचनात्मक गतिविधिको अनुगमन गर्नु गराउनुपर्छ । अन्तरपालिका बैठकमा जोड दिनुपर्छ । यी सबै कार्यले राष्ट्रिय एकता, सद्भाव र शान्ति कायम गर्न मद्दत पुग्छ ।

राहत घोषणा गर्नेः यस असजिलो अवस्थामा सहयोगको अपेक्षा गर्ने नागरिकलाई पालिकाले राहतको घोषणा गर्नुपर्छ । यसै बखत, राजस्वमा दिइएको छुट सुविधाको प्रचार गरी समयमा राजस्व नतिरेबापत लाग्ने दण्ड जरिवानाका लागि एक महिनाको अवधि थप गरिदिनुपर्छ । यो कार्य सङ्घीय सरकारबाट भइसकेको छ । साथै, राजस्व परामर्श समितिको बैठक डाकी उद्यमी र व्यापारीमा उत्साह तथा ढाडस दिनुपर्छ ।

गैससससँग साझेदारी गर्नेः समाजको हितमा गैससहरू पनि लागिपरेका छन् । यसर्थ, उनीहरूद्वारा सम्पादित कामको प्रशंसा गर्दै पालिकासँग सहकार्य एवं साझेदारीका लागि आह्वान गर्नुपर्छ । साथै, आमा समूह, उपभोक्ता समूह, टोल विकास संस्थाहरू लगायतसँग थप साझेदारीका लागि आग्रह गर्नु पालिकाको हितमा हुनेछ ।

अन्य रचनात्मक काम गर्नेः यस अवस्थामा बिजुली बत्ती बन्द हुन नदिन पालिकाले विशेष पहल गर्नुपर्छ । रातिको समयमा होहल्ला हुन नदिन स्थानीयको सहयोग लिनुपर्छ । यदि पालिकाको कागजात नष्ट भएको छ भने नयाँ फाइल सिर्जनाको पहल आरम्भ गर्नुपर्छ । यस अवस्थामा कुनै विकास निर्माणको काम अघि बढाउन सकिने भए त्यस्को पहल गर्नुपर्छ । पालिका र वडा कार्यालयहरूलाई तत्काल सञ्चालनमा ल्याई जनताको विश्वास आर्जन गर्न विशेष पहल गर्नुपर्छ ।

विगतमा कुनै कमीकमजोरी भएको भए त्यसलाई सच्याएर अघि बढ्नुपर्छ । बजेट विनियोजनलाई सबै पक्ष र वर्गमा न्याय पर्नेगरी वितरण गर्नुपर्छ । अन्यायमा परेकालाई न्याय दिनुपर्छ । पालिकामा भएको क्षतिको विवरण दुरुस्त गर्नुपर्छ । पालिकाहरूले सम्पादन गरेको काम पारदर्शी ढङ्गले सार्वजनिक गरी जनताको मन जित्ने प्रयास गर्नुपर्छ । पालिकाभित्र आम जनतामा यो घरदैलोको सरकार हो, यसले हाम्रो पक्षमा काम गर्छ भन्ने सन्देश प्रवाह गर्न निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले कुनै कसर बाँकी राख्नु हुँदैन । साथै, समाजका सबै पक्ष र वर्गलगायत आम नागरिकबाट पालिका र वडा सञ्चालनमा साबिकमा झैं निरन्तर सहयोग भइरहनुपर्छ । (लेखक नेपाल सरकारका पूर्वसचिव तथा पूर्वप्रमुख सूचना आयुक्त हुनुहुन्छ)

# अख्तियारमा नापी र मालपोतका उजुरी धेरै

काठमाडौँ, ६ असोज (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेशगत रुपमा बागमती प्रदेशको सबैभन्दा बढी उजुरी पर्ने गरेको छ।

आयोगले आइतबार सार्वजनिक गरेको गत आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार प्रदेशगत रुपमा सबैभन्दा बढी अर्थात् ११ हजार २७७ वटा उजुरी दर्ता भएको उल्लेख छ। संघमा सात हजार ६२३, प्रदेशमा ७०८, स्थानीय तहमा दुई हजार ९४६ उजुरी दर्ता भएका छन्।

स्थानीय तहमा मधेश प्रदेशको सबैभन्दा बढी उजुरी परेको छ। सो प्रदेशका स्थानीय तहहरुको मात्रै सात हजार ७२ उजुरी दर्ता भएका छन्। कूल उजुरीका आधारमा कोशी प्रदेशमा तीन हजार २९४, मधेशमा नौ हजार ६६८ उजुरी दर्ता भएका छन्।

गण्डकी प्रदेशको दुई हजार ४१३, लुम्बिनी प्रदेशमा चार हजार ४२८, कर्णाली प्रदेशको तीन हजार ३३० र सुदूरपश्चिम प्रदेशको दुई हजार ६१६ उजुरी दर्ता भएका छन्।

देशभरका ७५३ वटा स्थानीय तहको कूल उजुरी १९ हजार ९३३ रहेका छन्। सो आवमा कूल उजुरी ३७ हजार २६ वटा परेका थिए। प्रदेशगत रुपमा १२ हजार ४७५ उजुरी दर्ता भएका छन्। प्रतिशतका आधारमा स्थानीय तहको सबैभन्दा बढी उजुरी परेको थियो। समग्रमा उजुरीका आधारमा ५३ दशमलव ८४ प्रतिशत उजुरी स्थानीय तहको देखिन्छ।

संघीय मन्त्रालयगत आधारमा हेर्दा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित छ। सो मन्त्रालयसँग सम्बन्धित उजुरी १७ दशमलव १२ प्रतिशत छ। आयोगका अनुसार दुई हजार १३६ वटा उजुरी सो मन्त्रालय र मातहतका निकायको परेको छ। नापी तथा मालपोत कार्यालयमा भ्रष्टाचारजन्य गतिविधि बढी रहेको यसबाट अनुमान गर्न सकिन्छ।

गृह मन्त्रालय र मातहतका निकायको १० दशमलव ४१ प्रतिशत उजुरी परेको छ। सो मन्त्रालय र मातहतका निकायको एक हजार २९९ वटा उजुरी परेको छ। शिक्षा, विज्ञान प्रविधि मन्त्रालयको १० दशमलव ३२ प्रतिशत अर्थात् एक हजार २८७ वटा उजुरी आयोगमा दर्ता भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पाँच दशमलव ९९ प्रतिशत अर्थात् ७४७ वटा उजुरी दर्ता भएका छन्। अर्थ मन्त्रालयको पाँच दशमलव ४४ अर्थात् ६७९, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको चार दशमलव ८९ प्रतिशत अर्थात् ६१०, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तीन दशमलव ५८ प्रतिशत अर्थात् ४४६ , भौतिक पूर्वाधार तथा यातायातको तीन दशमलव ४३ अर्थात् ४२८ उजुरी आयोगमा दर्ता भएका छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन दशमलव १० अर्थात् ३८७, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको दुई दशमलव ५७ प्रतिशत अर्थात् ३२१ उजुरी परेका छन्। अन्य मन्त्रालय तथा निकायको भने ३३ दशमलव १५ प्रतिशत अर्थात् चार हजार १३५ वटा उजुरी दर्ता भएका छन्।

आयोगको विवरण अनुसार गत वर्षको जिम्मेवारी समेत सरेर आएका आधारमा सबैभन्दा बढी उजुरी परेका १० स्थानीय तह मध्ये पोखरा महानगरपालिका शीर्ष स्थानमा छ। सो महानगरसँग सम्बन्धित ४१३ उजुरी आयोगमा परेका छन्।

दोस्रोमा काठमाडौँ महानगर छ। सो महानगरसँग सम्बन्धित ३८१ वटा उजुरी आयोगमा दर्ता भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

पर्साको छिपहरमाई गाउँपालिकाको २९८, सुवर्ण गाउँपालिका बाराको २३०, नारायण नगरपालिका दैलेखको २०६, पचरौता नगरपालिका बाराको १९२, जलेश्वर नगरपालिका महोत्तरीको १९१, ललितपुर महानगरपालिकाको १८८, जनकपुर उपमहानगरपालिका धनुषाको १७९, कटहरिया नगरपालिका रौतहटको १६९ वटा उजुरी दर्ता भएका छन्।

सो आवमा आयोगले भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरमा दुई गरी कूल १३७ मुद्दा विशेष अदालतमा दायर गरेको थियो।

आयोगले ७५३ प्रतिवादी विरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त रु छ अर्ब एक करोड ८४ लाख ७२ हजार छ सय ९२ बराबरको बिगो मागदावी गरेको छ। सार्वजनिक सम्पत्ति हानी नोक्सानीको मात्रै रु चार अर्ब ६४ करोड ४१ लाख ७३ हजार ९४६ बराबरको बिगो दावी गरिएको छ।

गैरकानुनी लाभ वा हानीको रु ८२ करोड ५५ लाख ५७ हजार ४४ बराबरको बिगो दावी गरिएको छ। गैरकानुनी सम्पत्ति आर्जनको रु ३४ करोड ९६ लाख ९१ हजार ८६८, घुस रिसवतको रु चार करोड ९२ लाख ७६ हजार ८०० बराबरको बिगो माग दावी गरिएको छ।

# केन्द्रको कार्यालयमा क्षति भए पनि भने अभिलेख सुरक्षित !

काठमाडौँ, ६ असोज (रासस)।

राष्ट्रिय सतर्कता केन्द्रमा रहेका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरणलगायतका महत्त्वपूर्ण कागजात र अभिलेख सुरक्षित रहेका छन्।

जेनजी पुस्ताको प्रदर्शनका क्रममा भदौ २४ गते सिंहदरबार परिसरमा भएको आगजनी र तोडफोडको घटनामा केन्द्रमा रहेका ती महत्त्वपूर्ण दस्तावेज र फाइलहरू सुरक्षित रहेको केन्द्रका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो।

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको भुइँ तल्लामा रहेको केन्द्रका करिब दुई दर्जन सवारीसाधनमा आगजनी गर्नुका साथै कुर्सी, टेबुल र दराजसहितका फर्निचर भने आन्दोलनकारीले तोडफोड गरेका थिए।

कर्मचारीका कार्यसम्पादन मूल्याङ्कन, सम्पत्ति विवरणलगायतका महत्त्वपूर्ण अभिलेखमा कुनै क्षति नपुगेको तथा सुरक्षित नै रहेको उहाँले बताउनुभयो। विभिन्न उजुरीमाथि भइरहेको छानबिनसम्बन्धी फाइल, उजुरी र अरु केही महत्वपूर्ण अनुसन्धानका फाइल पनि सुरक्षित नै रहेको केन्द्रले जनाएको छ।

राष्ट्रिय सतर्कता केन्द्र भदौ २४ गते भएको तोडफोड र आगजनीको घटनाबाट केन्द्रको भुइँ तल्लामा र पहिलो तल्लामा क्षति भएको थियो। आगजनीबाट केन्द्रले प्रयोग गरेका अधिकांश कोठामा भने कुनै न कुनै क्षति भने पुगेको छ। अण्डरग्राउण्ड पार्किङमा भएका सवारीसाधन जलेपछि त्यसको असर सम्पूर्ण कार्यालयमा परेको छ।

धुँवाको मुस्लो र आगाको ज्वालाको प्रभाव परेपछि अधिकांश कोठा बस्न योग्य छैन। केही झ्याल पनि जलेको छ। पार्किङमा राखिएका १३ वटा चार पाङ्ग्रे र १२ वटा दुई पाङ्ग्रे सवारीसाधन जलेको पनि केन्द्रले जनाएको छ। उक्त घटनापछि पानी, बत्ती, टेलिफोन, इन्टरनेटसम्बन्धी सेवा अवरुद्ध भएकामा अहिले मर्मतसम्भार गरी जोड्ने काम भइरहेको छ।

आगजानी र तोडफोडको घटनापछि केन्द्रका सचिवको नेतृत्वमा क्षतिको विवरण लिने र सबै कर्मचारी जुटेर कार्यालय परिसरको सरसफाइको काम गरिएको पनि प्रवक्ता भट्टले जानकारी दिनुभयो।

केन्द्रले सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार सम्बन्धमा उजुरी सङ्कलन गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नियमन, अनुगमन गरी सुझाव निर्देशन दिने कार्य गर्दैआएको छ।

सार्वजनिक पद धारणा गरेका व्यक्तिहरूको सम्पत्ति र आयको अनुगमन गर्ने तथा विकास निर्माणका योजनाहरूमा गुणस्तरीयता कायम गरी तोकिएको समय, लागत र गुणस्तरीय काम सम्पन्न गर्ने, प्राविधिक परीक्षण गर्ने कार्य जिम्मेवारी पनि केन्द्रलाई प्राप्त छ।

विभिन्न सरकारी कार्यालयमा हाजिरी, पोसाक, सिट छड्केजस्ता सुधारात्मक कार्य पनि केन्द्रले गर्दैआएको छ।

# तीनवटा सवारीसाधन आपसमा ठोक्किँदा ३१ जना घाइते

बागमती, ६ असोज (रासस)।

पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा उपमहानगरपालिका-१९ बस्तीपुर नजिकै सोमबार दिउँसो तीन वटा सवारीसाधन आपसमा ठोक्किँदा ३१ जना यात्रु घाइते भएका छन्।

चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको ना६ख २११९ नम्बरको यात्रुवाहक बसको टायर पड्किएर अनियन्त्रित भई हेटौँडाबाट चितवनतर्फ जाँदै गरेको ना६ख ८१८० नम्बरको मालबाहक ट्रकसँग ठोक्किएको र सो ट्रक अनियन्त्रित भई काठमाडौँबाट बारातर्फ आउँदै गरेको ना७ख १७७४ नम्बरको तेल बोक्ने खाली ट्याङ्करलाई ठक्कर दिई दुर्घटना हुँदा बस र ट्रकमा सवार गरी ३१ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

घाइते सबैको उद्धार गरी उपचारको लागि हेटौँडास्थित हेटौँडा अस्पताल र सिएमसी चुरेहिल अस्पताल हेटौँडामा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्याम् अर्यालले जानकारी दिनुभयो। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

## विश्व समाचार

### बङ्गलादेशमा डेङ्गुका कारण एकै दिन १२ जनाको मृत्यु

ढाका, ६ असोज (रासस/सिन्ह्वा)।

बङ्गलादेश स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार सार्वजनिक गरेको रिपोर्ट अनुसार, देशमा डेङ्गु सङ्क्रमणका कारण एकैदिन १२ जनाको मृत्यु भएको छ, जुन यस वर्षका लागि सबैभन्दा उच्च मृत्यु सङ्ख्या हो। हालसम्म डेङ्गुबाट मृत्यु हुनेहरूको कुल सङ्ख्या १७९ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ। पछिल्लो २४ घण्टामा ७४० नयाँ सङ्क्रमित फेला परेपछि यस वर्ष डेङ्गुका कुल सङ्क्रमितहरूको सङ्ख्या ४१ हजार ८३१ पुगेको छ।

डेङ्गु रोग मुख्यतः वर्षायाम अर्थात् जुनदेखि सेप्टेम्बरसम्म बंगलादेशमा व्यापक रूपमा फैलिने गर्दछ। मच्छरजन्य रोगहरूका लागि संवेदनशील मानिने यस देशमा यस रोगको नियन्त्रणका लागि सतर्कता र प्रभावकारी कदम चालिनु आवश्यक रहेको विज्ञहरूले बताएका छन्। सरकारले डेङ्गु नियन्त्रण र रोकथाममा जनचेतना अभिवृद्धि गर्न विशेष पहल गर्ने जनाएको छ।

### विश्व शान्तिका लागि तीन महादेशको साझा प्रतिबद्धता

संयुक्त राष्ट्रसङ्घ, ६ असोज (रासस/सिन्ह्वा)।

अफ्रिकी सङ्घ (एयू), युरोपेली सङ्घ र संयुक्त राष्ट्रका उच्चस्तरीय प्रतिनिधिहरूले आइतबार संयुक्त राष्ट्र मुख्यालयमा भेला भएर आजका विश्वव्यापी चुनौतीहरू सामना गर्न बहुपक्षीय साझेदारीलाई सबैभन्दा प्रभावकारी उपायको रूपमा पुनः पुष्टि गर्नुभएको छतलस्।

बैठकमा एयू आयोगका अध्यक्ष महमूद अली युसुफ, युरोपेली परिषद्का अध्यक्ष अन्तोनियो कोस्ता, युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन देर लेयन र संयुक्त राष्ट्र महासचिव अन्तोनियो गुटेरेससहित ती तीन सङ्गठनका वरिष्ठ प्रतिनिधिहरूले सहभागिता जनाउनुभएको थियो।

तीन सङ्गठनहरूले जारी संयुक्त विज्ञप्तिमा अन्तर्राष्ट्रिय कानून, मानवीय कानून र मानवअधिकारको सम्मानमा देखिएको कमीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संयुक्त राष्ट्र सन्धिको पूर्ण पालना आवश्यक रहेकोमा जोड दिनुभएको छ। बैठकमा विशेष गरी सुडानमा जारी द्वन्द्वको शीघ्र अन्त्य गर्ने विषयमा सम्वेदनशीलता र गम्भीरताका साथ छलफल भएको थियो। साथै, आतङ्कवादी सशस्त्र समूहहरूको विरुद्ध सङ्घर्षलाई अझ सुदृढ पार्ने, सहिष्णुता प्रवर्द्धन गर्ने र विकासका लागि आवश्यक पहलहरू गर्ने विषयमा विचारविमर्श गरिएको थियो। तीनै सङ्गठनहरूले लिबियामा राजनीतिक प्रक्रिया पुनः जीवित गर्न संयुक्त राष्ट्रको रोडम्यापलाई पुरा समर्थन जनाएको छ।

पूर्वी कङ्गो लोकतान्त्रिक गणराज्यका शान्ति पहलहरू, सोमालियामा अफ्रिकी सङ्घको समर्थन तथा स्थिरीकरण मिसनलाई साथ दिने विषयमा पनि सकारात्मक छलफल भएको थियो। त्यस्तै, अफ्रिका र विश्वका अन्य भागहरूमा शान्ति अभियान्त्रणहरूको पुनरावलोकन गर्ने विषयमा विचार आदानप्रदान गरिएको थियो। तीन सङ्गठनहरूले संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव अनुसार अफ्रिकी सङ्घ नेतृत्वमा शान्ति समर्थन कार्यका लागि वित्तीय व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन निरन्तर प्रयास गर्न आग्रह गरेका छन्। अफ्रिकामा दिगो शान्ति र विकासको लागि संयुक्त प्रतिबद्धता पनि पुनः व्यक्त गरिएको छ। साथै, विकासका लागि वित्तीय स्रोत जुटाउन, लगानी प्रवर्द्धन गर्न र विकासशील देशहरूका ऋण समस्या समाधान गर्न सिविल्ला प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकोमा सबैको सहमति थियो।

जी-२० को दक्षिण अफ्रिका अध्यक्षतामा बहुपक्षीय विकास बैंकहरूको सुधार र ऋण व्यवस्थापनमा थप प्रगति आवश्यक रहेको कुरामा पनि बैठकमा सहमति भएको छ। जलवायु परिवर्तनका कारण संसारभर देखिएका चुनौतीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै आगामी नवेम्बरमा ब्राजिलमा आयोजना हुने कोप३० सम्मेलनमा महत्वाकांक्षी प्रतिबद्धता गर्न आह्वान गरिएको छ। तीन सङ्गठनहरूले आगामी वर्ष सन् २०२६ मा संयुक्त राष्ट्र महासभाको ८१औं सत्रको अवसरमा फेरि बैठक बस्ने सहमति पनि व्यक्त गरेका छन्।

### प्यालेस्टिनी राज्य वार्ताबाट मात्र सम्भव : जर्मनी

फ्रेङ्कफर्ट, ६ असोज (रासस/एएफपी)।

जर्मनीले सोमबार इजरायल-प्यालेस्टिनीबीच वार्ता नगरी दुई-राज्य समाधान सम्भव नहुने भन्दै प्यालेस्टिनी राज्यलाई मान्यता नदिने आफ्नो अडान दोहोऱ्याएको छ। अस्ट्रेलिया, बेलायत, क्यानाडा र पोर्चुगलले प्यालेस्टिनी राज्यलाई मान्यता दिएपछि जर्मनीले संयुक्त राष्ट्रसङ्घको महासभाअघि यस्तो टिप्पणी गरेको हो।

यी देशहरूको कदमलाई गाजामा इजरायली अभियानविरुद्ध दबाबको प्रयासका रूपमा हेरिएको छ। युद्धले दशौँ हजारको ज्यान लिएको छ र गाजाको ठूलो भाग ध्वस्त पारेको छ। यस अभियानका कारण इजरायल आफ्ना सहयोगीहरूको आलोचनामा परेको छ। तेस्रो पक्षको मान्यताले युद्धलाई भड्काएको दाबी गर्दै इजरायलले सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा गरिएको आक्रमणलाई स्मरण गराएको छ।

"वार्ताबाट मात्र दुई-राज्य समाधान सम्भव छ, जसले इजरायली र प्यालेस्टिनीलाई शान्ति, सुरक्षा र सम्मानका साथ बाँच्न अनुमति दिन्छ", न्युयोर्क प्रस्थान गर्नुअघि जर्मन विदेशमन्त्री जोहान वाडेफुलले भन्नुभयो, "जर्मनीका लागि प्यालेस्टिनी राज्यको मान्यता प्रक्रियाको अन्त्यतिर मात्र सम्भव हुन्छ, तर यो प्रक्रिया अहिले नै सुरु हुनुपर्छ।"

यहुदी नरसंहारप्रतिको ऐतिहासिक जिम्मेवारीलाई ध्यानमा राख्दै जर्मनीले इजरायललाई आफ्नो विदेश नीतिको आधारशिला बनाएको छ। तर संयुक्त राष्ट्रसङ्घले गाजाको केही क्षेत्रमा अनिकाल घोषणा गरेपछि पछिल्ला महिनामा इजरायली अभियान र त्यसको नागरिकमाथिको प्रभावबारे आलोचना तीव्र भएको छ। यसैबीच, प्यालेस्टिनीहरूको भविष्यको प्रश्नले प्रभुत्व जमाउने वार्षिक संयुक्त राष्ट्र महासभाका लागि एक सय ४० भन्दा बढी विश्व नेताहरू यो हप्ता न्युयोर्कमा भेला हुँदैछन्।

# खानेपानी कार्यालयको लापरवाहीले सर्वसाधारणलाई सास्ती



**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

राजविराज हनुमाननगर सडक खण्ड अन्तर्गत स्वास्थ कार्यालय अगाडि मुख्य सडक नै खनेर खाल्डो बनाएपछि सर्वसधारण आवतजावतमा समस्या भएको छ ।

खानेपानी संस्थान कार्यालयले धाराको पाईप जडान गर्न मुख्य सडक नै खनेपछी सर्वसाधारणलाई आवतजावत गर्न तथा यातायातका साधन संचालनमा कठिनाई भएको हो ।

वडा दशै सुरू भएसँगै यस सडक खण्डको मुख्य बाटो मै खानेपानी कार्यालयले सडक खनेर खाल्डो बनाएर छोडेपछि दुर्घटना हुने सम्भावना समेत बढेको स्थानियले गुनासो गरेका छन ।

राजविराज नगरपालिकासहित विभिन्न ठाउँमा खानेपानी संस्थान कार्यालयको लापरवाहीले खानेपानी धारा र पाईप जडान तथा मर्मत कार्य गर्नका लागी सडक खनेर छोडेपछि सानो त्पिस्तनो दुर्घघटना हुने गरेको छ ।

# राष्ट्रिय परिचयपत्र वितरण सेवा सुरु, राहदानी सेवा सुरु हुन सकेन

**दैनिक समाचारदाता**
**सिरहा, ६ असोज ।**

जेनजी पुस्ताको प्रदर्शनका क्रममा तोडफोड भएपछि ठप्प भएको इलाका प्रशासन कार्यालय लहानको सेवा क्रमशः सञ्चालन हुँदै गएको छ । कार्यालयले आइतबारदेखि राष्ट्रिय परिचयपत्र वितरण सेवा पुनः सुरु गरेको छ ।

कार्यालयका प्रमुख वेदनिधि खनालका अनुसार प्रदर्शनकारीहरूले लुटेर लगेको क्यामेरा फिर्ता भएकाले राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा पुनः सञ्चालनमा ल्याइएको हो । तर, राहदानी सेवा भने अझै सुरु हुन सकेको छैन । प्रदर्शनका क्रममा राहदानी सेवाको 'स्क्यानर मेसिन' र क्यामेरा फुटाइएकाले वैकल्पिक व्यवस्था नहुँदासम्म राहदानी सेवा बन्द नै रहने कार्यालयले जनाएको छ ।

"केही दिनमा नै काठमाडौँबाट नयाँ उपकरण आउनेछ, त्यसपछि राहदानी सेवा पनि सुरु गर्नेछौं," प्रमुख खनालले बताए । यसअघि, कार्यालयले असोज १ गतेदेखि नागरिकता वितरण सेवा पुनः सुरु गरिसकेको थियो ।

सेवा सञ्चालन गर्न कार्यालय मर्मत-सम्भारको काम समेत क्रमशः अगाडि बढाइरहेको छ । प्रमुख खनालका अनुसार आन्दोलनका क्रममा कार्यालयमा आगजनी हुन नदिए पनि तोडफोडका कारण करिब रु १५ लाख बराबरको क्षति पुगेको छ ।

# सिरहाका आधा दर्जन पालिकाको खाता अझै सञ्चालनमा आएन

**दैनिक समाचारदाता**
**सिरहा, ६ असोज ।**

चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सिरहाका आधा दर्जन (छ वटा) पालिकाले अझै बैंक खाता सञ्चालनमा ल्याउन सकेका छैनन् । आवश्यक कानुनी प्रक्रिया पूरा गर्न नसक्दा ती पालिकाहरूको खाता सञ्चालनमा आउन नसकेका हुन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका सूचना अधिकारी तथा कोष नियन्त्रक दीपेशकुमार शर्माका अनुसार, जिल्लाका १७ मध्ये ११ वटा पालिकाको खाता सञ्चालनमा आइसकेको छ भने बाँकी छ वटा पालिकाको खाता हालसम्म पनि सञ्चालनमा आएको छैन । खाता सञ्चालनमा नआएका पालिकाहरूमा धनगढीमाई, सुखीपुर, सिरहा नगरपालिका, साथै भगवानपुर, बिष्णुपुर र बरियारपट्टी गाउँपालिका रहेका छन् ।

शर्माका अनुसार, खाता सञ्चालनका लागि पालिकाले चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट नगर वा गाउँसभाबाट पारित गरी कार्यालयमा बुझाउनु आवश्यक हुन्छ । साथै, पालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक अधिकार नदिएसम्म खाता सञ्चालन गर्न पाइँदैन । सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त स्रोत खर्च गर्दा पनि कानुनी प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ ।

बैंक खाता सञ्चालन नहुँदा ती पालिकाहरूमा कर्मचारीको तलब, भत्ता, विकास निर्माणलगायतका आर्थिक गतिविधिहरू प्रभावित भएका छन् । हालसम्म खाता सञ्चालनमा आइसकेका ११ पालिकामा सखुवानन्कारकट्टी, नवराजपुर, लक्ष्मीपुर पतारी, अर्नमा, औरही, नरहा गाउँपालिका र लहान, गोलबजार, कल्याणपुर, कर्जन्हा, मिर्चैया नगरपालिका रहेका छन् ।

# वीरगञ्ज नाका हुँदै दुई महिनामा एक खर्ब ४६ अर्बको आयात, १७ अर्बको निर्यात

पर्सा, ६ असोज (रासस) ।

वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको दुई महिनामा एक खर्ब ४६ अर्ब ६४ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएका छन् । गत आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षमा यो नाका हुँदै २० प्रतिशत बढी समान भित्रिएका हुन् ।

जबकी गत आवको दुई महिनाको अवधिमा भने एक खर्ब २२ अर्ब ३२ करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले गत आवको दुई महिनाको तुलनामा चालु आवमा आयात र निर्यात दुवैमा वृद्धि भएको जानकारी दिनुभयो ।

"गत आवको दुई महिनाको तुलनामा चालु आवमा २४ अर्ब ३२ करोड बढी सामान भित्रिएका छन्," उहाँले भन्नुभयो, "आयात मात्रै होइन् राजस्व सङ्कलनमा पनि वृद्धि भएको छ ।" वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको दुई महिनामा यो नाका हुँदै हुने निर्यातमा पनि उल्लेखनीय सुधार भएको छ ।

गत आवको दुई महिनामा छ अर्ब पाँच करोड मूल्यको सामान विदेशीमूलक निर्यात भएको थियो । तर, चालु आवको दुई महिनामा यो नाका हुँदै रु १७ अर्ब तीन करोड मूल्य बराबरको सामान निर्यात भएको छ । गत आवको दुई महिनाको तुलनामा चालु आवमा १० अर्ब ९८ करोड बढीको सामान निर्यात भएको देखिन्छ ।

# काठमाडौंमा असोज अन्तिम साता मेलम्चीको पानी

काठमाडौँ, ६ असोज (रासस) ।

काठमाडौँ उपत्यकामा यस वर्ष असोज अन्तिम साताातिर मात्रै मेलम्चीको पानी आउने भएको छ ।

वर्षाका कारण मेलम्चीमा पानीको बहाव बढेकाले दसैं अगाडि मेलम्चीको पानी काठमाडौँमा ल्याउन नसकिने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगन्नाथ दासले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पानीको बहाब घटेको छैन । बहाब घटेपछि पानी ल्याउने तयारी छ ।" विसं २०७८ असार १ गते मेलम्ची खोलामा आएको बाढीपहिरोले आयोजनाको हेडवर्क्स पूर्ण रूपले क्षतिग्रस्त भएपछि त्यसयता हिउँदमा मात्र मेलम्चीको पानी उपत्यकामा वितरण हुँदै आएको कार्यकारी निर्देशक दासले बताउनुभयो । केही दिनयता दैनिक ठूलो पानी पर्न थालेकाले मेलम्चीको पानी काठमाडौँ उपत्यकामा पठाउन समस्या भएको उहाँको भनाइ छ ।

मेलम्चीबाट करिब १७ देखि १८ करोड लिटर पानी दैनिक काठमाडौँमा पथान्तरण गरिँदै आए पनि बाढीका कारण मेलम्चीको मुहान बन्द गरिएपछि अहिले रिबर्मा खोलाबाट दैनिक रूपमा ६ देखि ७ करोड लिटर पानी पथान्तरण गरेर काठमाडौँमा वितरण भइरहेको कार्यकारी निर्देशक दासले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मेलम्चीको पानी असारमै बन्द भएको थियो । अहिले हामीले रिबर्मा खोलाको पानी वितरण गरीरहेका छौं ।"

विसं २०७८ चैत १५ गते पूर्ण क्षमताअनुसार दैनिक १७ करोड लिटर काठमाडौँ उपत्यकामा पानी वितरण थालिएको हो । तर, २०७८ असार र साउनमा मेलम्ची तथा इन्द्रावतीमा आएको भीषण बाढीले आयोजनामा ठूलो क्षति पुऱ्याएपछि हालसम्म बाह्रैमास पानी ल्याउन सकिएको छैन ।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का कार्यकारी निर्देशक अशोककुमार पौडेलका अनुसार उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग छ । मेलम्ची खानेपानी बन्द गरिएको बेला विभिन्न स्रोतबाट दैनिक १३ देखि १४ करोड लिटर पानी मात्रै उपत्यकामा आपूर्ति हुने गरेको उहाँले जानकारी दिनुभयो ।

*चार मन्त्रीको ...*

इन्टरनेट सेवा विस्तार गरी विश्वमै ख्याति कमाउनुभएका मन्त्री पुन राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख हुन । यसैगरी मन्त्री परियार कृषि विज्ञ हुनुहुन्छ भने मन्त्री खरेल वरिष्ठ पत्रकार हुन ।

वर्तमान मन्त्रिपरिषद्मा यसअघि गत भदौ ३० गते रामेश्वर खनाल अर्थ, कुलमान घिसिङ ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास र ओमप्रकाश अर्याल गृह मन्त्रालयको जिम्मेवारीमा छन् । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हालेका छन् ।

'जेनजी' समूहको आन्दोलन र त्यसपछि उत्पन्न विषम परिस्थितिका बीच राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका थिए ।






**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*